वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १०५ | २०८३ साउन २७ गते बुधवार, नेपाल सम्वत् ११४६ August 12, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



## कोदो रोपाई

तनहुँको भानु नगरपालिका–१३ बाँकेपसलका किसानहरू पाखोबारीमा मकै खेती थन्काएसंगै कोदोको विऊ रोप्दै। पुरूषले खनजोत गरी महिलाले कोदोको विऊ रोप्ने परम्परागत प्रचलन रहेपनि पछिल्ला केही वर्षयता गाउँमा युवा जनशक्ति नहुँदा मिनी ट्रिलरले बारी जोतेर कोदोको विऊ रोप्न थालिएको छ । कोदो खेतीका लागि युवा श्रमशक्तिको आवश्यकता पर्ने तर युवाहरू रोजगारी तथा अन्य कारणले बजार केन्द्रित हुँदा ग्रामीण क्षेत्रको प्रमुख बालिका रूपमा रहेको कोदो खेती र क्षेत्रफल घट्दै गएको छ ।

*तस्विर : भञ्ज्याङ*

# रास्वपाको क्यान्डिडेट क्लबमा १ भदौदेखि आवेदन, के-के छन् छनोट विधि ?

भञ्ज्याङ समाचारदाता/काठमाडौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले १ भदौदेखि स्थानीय तहका उम्मेदवार छनोट प्रक्रिया सुरू गर्ने भएको छ । आगामी स्थानीय तहमा उम्मेदवार हुन इच्छुकले क्यान्डिडेट क्लबमा आवेदन दिन सक्ने छन् । उम्मेदवार हुन इच्छुकको आवेदनको चरणलाई रास्वपाले उम्मेदवार छनोटको पहिलो विन्दु भनेको छ ।

आगामी स्थानीय तहको निर्वाचनमा योग्य, इमान्दार र सक्षम उम्मेदवार छनोट गर्न भन्दै क्यान्डिडेट क्लबमा आवेदन खुला गर्ने निर्णय केन्द्रीय समितिले गरेको थियो ।




Photo : RSP/Facebook

रास्वपाले स्थानीय तहका उम्मेदवार छनोटको विधि बनाउन महामन्त्री विपिनकुमार आचार्यलाई दिएको थियो। अघिल्लो समितिमा आचार्य सहमहामन्त्री रहँदा तयार गरिएको उम्मेदवार छनोट रूपरेखा सार्वजनिक गरिएको छ ।

पालिकाको उम्मेदवार हुन इच्छुकका लागि सबैभन्दा बलियो आधार प्रारम्भिक निर्वाचन हो । स्थानीय तहमा रास्वपाको उम्मेदवार हुन इच्छुकले चार चरणको छनोट मापदण्ड पार गर्नु पर्छ । त्यसमध्ये ४० प्रतिशत मतभारसहित प्रारम्भिक निर्वाचन प्रणाली तय गरिएको छ ।

प्राइमरी इलेक्सनका मतदाता सम्बन्धित स्थानका सबै सदस्य हुने छन् । प्राइमरी इलेक्सनमा पनि सबैभन्दा बढी मतभार स्थानीय सदस्यहरूको हुने गरी विधि बनाइएको छ ।

सम्बन्धित पालिकाका पार्टी सदस्यहरूलाई भारांक सबैभन्दा बढी ७५ प्रतिशत छ । सम्बन्धित स्थानका व्यक्ति भएर पार्टी संरचना वडादेखि प्रदेशसम्मको संरचनामा कार्यरत पनि मतदाता हुन पाउने छन् । उनीहरूको हकमा प्रारम्भिक मतदानमा १५ प्रतिशत अंकभार हुन्छ । साथै, सम्बन्धित पालिकाको व्यक्ति भई केन्द्रीय समितिमा रहेको भए प्रारम्भिक मतदाताको रूपमा भारांक १० प्रतिशत तोकिएको छ।

उम्मेदवार हुन इच्छुकले आवेदनपश्चात् लिडरसिप एकेडेमीको कक्षा लिएको हुनु पर्छ। लिडरसिप एकेडेमीका लागि निर्धारण केन्द्रले पाठ्यक्रम बनाउने छ । लिडरसिप एकेडेमीअन्तर्गत व्यक्तिको राजनीतिक संस्कार, नीतिगत स्पष्टता, जनसेवा लगायतका विषयलाई पार्टीले मूल्यांकन गर्नेछ । लिडरसिप एकेडेमीका लागि भारांक २५ प्रतिशत तोकिएको छ ।

उम्मेदवारका आकांक्षीहरूको 'पोलिटिकल प्रोक्सिमिटी' मूल्यांकन गरिने भएको छ । यस मापदण्डका लागि भारांक २५ प्रतिशत तोकिएको छ । यही मापदण्ड अन्तर्गत रहेर व्यक्तिको सांगठनिक आवद्धता, विगतको भूमिका र अनुशासन, निर्वाचित हुने सम्भाव्यता, बहुआयामिक लोकप्रियता, शैक्षिक–पेशागत अनुभव, तटस्थ सामाजिक परीक्षण लगायतको मूल्यांकन गरिने छ ।

उम्मेदवार क्लबमा दर्ता भएको कुनै व्यक्ति समावेशिताको मापदण्डभित्र रहे उम्मेदवार हुनका लागि उसले स्वतः थप १० प्रतिशत अंक प्राप्त गर्छ । १ भदौबाट खुला हुने पालिका क्यान्डिडेट क्लबको आवेदनमा दुई प्रकृतिका आवेदन खुल्ने छन् । पालिका क्यान्डिडेट क्लबमा पालिकाका प्रमुख–मेयर, उपप्रमुख–उपमेयर, अध्यक्ष र उपाध्यक्ष पदका आकांक्षीहरूले आवेदन पेस गर्न सक्ने छन् ।

वडाध्यक्ष र सदस्यका लागि 'वडा क्यान्डिडेट क्लब' खुला गरिने छ । आवेदकले आफ्नो वैयक्तिक चारित्रिक अवस्था खुलाउनु पर्ने हुन्छ । शैक्षिक प्रमाणपत्रको प्रमाणीकरण, वैवाहिक अवस्थाको कानुनी स्पष्टता, दुर्व्यवहार तथा डिजिटल अपराध, वित्तीय तथा आर्थिक शुद्धता, स्वार्थ बाझिने अवस्था, विचाराधीन मुद्दा तथा कानुनी विवादको स्पष्टता लगायतका विषय आवेदकले खुलाउनु पर्छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी भएको व्यक्तिलाई स्थानीय तह निर्वाचनको उम्मेदवार छनोट प्रक्रियामा सहभागी नगराउने विधि रास्वपाले तय गरेको छ । प्रतिनिधिसभाको गत निर्वाचनमा उम्मेदवार छनोट प्रक्रिया सुरू गरिए पनि कार्यान्वयन हुन सकेको थिएन ।

स्थानीय तहका उम्मेदवारको

*बाँकी तेश्रो पेजमा*

# फेदी खोलामा स्टील ट्रस पुल निर्माण हुँदै

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ जलविद्युत् आयोजना अन्तर्गत भिमाद नगरपालिका–५ स्थित फेदी खोलामा ५६ दशमलव २ मिटर लामो स्टील ट्रस ब्रिज निर्माण कार्यलाई तीब्र पारिएको छ । पुल निर्माणका लागि २०८२ मंसिर २४ गते ठेक्का सम्झौता भएको हो । सम्झौताअनुसार पुल निर्माण दुई वर्षभित्र



सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पुल निर्माण भएपछि भिमाद बजार, ऋषिङपाटन, जलबिरे, वाङटाङीटार, लदन, आमडाँडा र टुटुवालगायतका बस्ती सडक सञ्जालमार्फत प्रत्यक्ष रूपमा जोडिने बताइएको छ । यसबाट स्थानीयवासीको आवागमन सहज हुनुका साथै स्थानीय कृषि उपज तथा अन्य सामग्रीको ओसारपसारमा समेत सुविधा पुग्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, ऋषिङ गाउँपालिका–७ र ८ अन्तर्गतका पुरानो ऋषिङ, पाल्ट्याङलगायतका बस्तीका स्थानीयलाई समेत पुल निर्माणपछि सहज यातायात सुविधा उपलब्ध हुने तनहुँ जलविद्युत आयोजनाले जनाएको छ ।

फेदी खोलामा पुल निर्माण सम्पन्न भएपछि भिमाद नगरपालिका र ऋषिङ गाउँपालिकाबीच सडक पहुँच तथा यातायात सम्पर्क थप सहज हुने अपेक्षा गरिएको छ । पुलले दुई स्थानीय तहका ग्रामीण बस्तीलाई बजार क्षेत्रसँग जोड्न तथा स्थानीयस्तरमा आर्थिक गतिविधि विस्तार गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

bhanjyangnews.com

Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# बिरानो बन्दै गाउँबस्ति

असार र साउन महिना नेपाली समाजको मौसमी र सांस्कृतिक जीवनशैलीसँग गहिरो सम्बन्ध राख्छ । वर्षातसँगै खेतबारी, पाखापखेरामा हुने कृषिकर्म, आँगनमा सुली बनेर सुकाइएका मकै, गोठमा गाईभैसी, धानका भकारी– यी सबै हाम्रो गाउँजीवनका प्राणवान दृश्य हुन्। तर दुःखको विषय के छ भने, यस्ता दृश्यहरु अब केवल स्मृतिमा सीमित हुँदै गएका छन्। खेतीयोग्य जमिन बाँझिँदै गएको छ, उत्पादनशील जमिन झाडी र वनजंगलमा परिणत भइरहेको छ । यसको मुख्य कारण गाउँबाट युवाशक्ति पलायन हुनु हो। विदेश रोजगारी र शहरमुखीकरणले गाउँको सामाजिक संरचना मात्र होइन, संस्कृतिलाई समेत बिथोल्दै लगेको छ। शिक्षादेखि स्वास्थ्यसम्मका आधारभूत सेवाहरुको अभावले गाउँले शहर पस्न वा विदेशिन बाध्य भएका छन्। यो बाध्यता गाउँलाई वृद्धवृद्धा मात्र बसोवास गर्ने सुनसान र उजाड बस्ती बनाइरहेको छ । हिजोका गाउँघर चाडपर्वमा रमाइला, सामूहिकतामा जीवन्त हुन्थे। आज त्यो रौनक हराउँदै गएको छ। आयातित संस्कृति र देखावटी प्रचलनले हाम्रो मौलिक संस्कृति ओझेलमा परेको छ। चाडपर्व विलासी उपभोगमा सीमित हुँदा हाम्रो पहिचान नै संकटमा परेको छ। संस्कृतिको जगेर्ना असफल हुनुको एउटा ठुलो कारण आर्थिक असुरक्षा हो। गरिबी र रोजगारीको अभावमा संस्कृति संरक्षण पनि दुरावस्थामा पुगेको छ । राजनीतिक परिवर्तनका माध्यमबाट देशले अधिकार र स्वतन्त्रता त प्राप्त गऱ्यो, तर ती अधिकारलाई स्थायी बनाउन आवश्यक आर्थिक क्रान्ति अझै सम्पन्न हुन सकेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको डेढ दशकपछि पनि मुलुक उत्पादनमुखी अर्थतन्त्रतर्फ डगमगाउन नसक्नु ठूलो विडम्बना हो । अझ पीडादायी कुरा– देशको मेरूदण्ड मानिने युवा शक्ति दैनिक हजारौंको संख्यामा वैधानिक बाटोमार्फतै विदेशिनु हो । यसरी निरन्तर युवाशक्ति गुमाइरहनु मुलुकका लागि घातक संकेत हो। राजनीतिक नेतृत्वले यस अवस्थालाई गम्भीरतापूर्वक नलिनु मुलुकको सबभन्दा ठूलो दुर्भाग्य हो ।

समाजको यथार्थ स्पष्ट छ– शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत सुविधा गाउँमै सहज उपलब्ध नभएसम्म गाउँ बस्न सजिलो हुँदैन। शहर पस्न सजिलो र गाउँ बस्न असजिलो हुने अवस्था कायम रहँदा "गाउँ फर्काउने सपना" केवल भाषणमा सीमित हुन्छ । यथार्थमा कुनै युवा वा परिवार आफ्नो जीवनका आधारभूत आवश्यकता अपूरा राखेर गाउँ फर्कन सक्दैन । यस्तो अवस्थामा अबको आवश्यकता भनेको तीनै तहका सरकारबीच सशक्त समन्वय र जवाफदेहीपन हो। विशेष गरी स्थानीय सरकारलाई 'घरदैलोको सरकार' भनिएको छ। त्यसैले स्थानीय सरकार बढी जिम्मेवार बन्नु अनिवार्य छ। गाउँका आवश्यकता बुझ्ने, नीति-कार्यक्रम र बजेट बनाउने, अनि त्यसलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हो ।

गाउँलाई पुनर्जीवन दिन सक्ने मुख्य क्षेत्रहरु पहिचान गर्न कठिन छैन । कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन, सीपमूलक रोजगारी, डिजिटल पहुँच, स्वास्थ्य र शिक्षा। यी क्षेत्रमा समान र न्यायपूर्ण विकासमार्फत मात्र गाउँ आकर्षक बन्न सक्छ। युवालाई गाउँमै आत्मनिर्भर बनाउने वातावरण सिर्जना गर्न सकियो भने पलायन रोकिन्छ । आत्मनिर्भर गाउँ मात्र समृद्ध नेपाल निर्माणको आधार हो । हामी प्राकृतिक स्रोत-साधनमा धनी छौं। तर मानव स्रोत पलायन भइरहेको छ। यो अवस्थालाई उल्ट्याउन सक्ने शक्ति हामी आफैंमा छ। आवश्यक कुरा भनेको इच्छाशक्ति र व्यवहारिक कार्यान्वयन हो। गाउँ उज्यालो हुँदा मात्र शहर र देश उज्यालो हुन्छ भन्ने चेतना सबै तहका नेतृत्व र नीतिनिर्मातामा जागृत हुनुपर्छ।

समृद्ध नेपाल बनाउने बाटो शहरको चमकधमकमात्र होइन, गाउँको जीवन्ततामा पनि निहित छ । गाउँमा आत्मसम्मानका साथ बस्न सक्ने आधार बनाइए मात्र युवा फर्किन्छन्, संस्कृतिको संरक्षण हुन्छ र हाम्रो मौलिक पहिचान सुरक्षित हुन्छ। अन्ततः आजको आवश्यकता हो– गाउँलाई फेरि गुल्जार बनाउने। तीजजस्ता पर्व गाउँमै रमाउने वातावरण बनाउनुपर्छ । युवाहरु स्वदेशमै आत्मनिर्भर बन्न सकून्, संस्कृति जोगाउन गर्व गर्न सकून्– यही हो समृद्ध नेपालको मार्ग। हामी गरिब जन्मेका हौं, तर गरिबी हाम्रो नियति होइन । यसको अन्त्य हाम्रो साझा जिम्मेवारी हो ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# संघीयता असफल हुँदै छ कि बनाईदै छ?

'नेपालको संविधान २०७२' यो केवल नयाँ संविधान मात्रै थिएन, त्यो त राज्य संरचना नै बदल्ने एउटा ऐतिहासिक राजनीतिक सम्झौता पनि थियो। यो सँगै नेपाल अब एकात्मक शासन प्रणालीलाई अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो । नेपालको संविधानले राज्य शासन प्रणालीलाई (संघ, प्रदेश र स्थानीय) गरी तीन तहमा विभाजन गरेको छ ।

यसको मुख्य उद्देश्य भनेको राज्यको सेवालाई नागरिकको घरदैलोमा पुऱ्याउने, निर्णय प्रक्रियामा जनताको सहभागिता बढाउने, विकासलाई विकेन्द्रित गर्ने र दशकौंदेखि राज्यबाट उपेक्षित समुदायलाई अधिकारको अनुभूति गराउने । यो सँगै नागरिकको अपेक्षा गरेका थिए, अब सिंहदरबारको अधिकार गाउँ-गाउँ पुग्नेछ, विकास काठमाडौंको वरिपरि सीमित रहने छैन, राज्यको निर्णय प्रक्रियामा सबै समुदायको पहुँच स्थापित हुनेछ र केन्द्रमा केन्द्रित शक्ति सात प्रदेश तथा ७५३ स्थानीय तहसम्मै पुग्ने छ । संघीयतालाई केवल प्रशासनिक पुनर्संरचना होइन, राज्य र नागरिकबीचको दूरी घटाउने राजनीतिक हुन्थ्यो। स्थानीय आवश्यकता र भौगोलिक विविधतालाई भन्दा केन्द्रीय प्राथमिकतालाई महत्त्व दिने शासनशालीकै कारण दुर्गम क्षेत्र विकासबाट पछि पर्न पुगे । मधेश, कर्णाली, सुदूरपश्चिम तथा हिमाली जिल्लाले राज्यबाट विभेद भएको अनुभूति गरे । यही असन्तुष्टिले समयक्रममा राजनीतिक आन्दोलनको रुप लियो । ०६२/०६३ को जनआन्दोलनपछि राज्य पुनर्संरचना राष्ट्रिय एजेन्डा बन्यो भने संविधानसभामा संघीयताको विषय सबैभन्दा विवादित बन्यो । तर अन्ततः सहमतिमा पुग्ने मुद्दा बन्यो ।

संविधानले नेपाललाई संघ, प्रदेश र स्थानीय गरी तीन तहको शासन प्रणालीमा रुपान्तरण गऱ्यो, जसको मूल उद्देश्य शक्ति, स्रोत र अवसरको विकेन्द्रीकरण थियो । संविधानले तीन तहका सरकारलाई अधिकारको सूची दिए पनि व्यवहारमा अधिकार हस्तान्तरण अपेक्षाअनुसार हुन सकेन । प्रदेशहरुले आफ्नो अधिकार प्रयोग गर्न आवश्यक कानुनको अभाव झेलिरहेका छन्।

धेरै साझा अधिकारको प्रयोगमा संघ र प्रदेशबीच विवाद देखिन्छ । कर्मचारी समायोजनको समस्या वर्षौंसम्म कायम संरचना भन्दै खारेज गर्नुपर्ने तर्क समेत अघि सारे । मुख्यमन्त्री, मन्त्री, प्रदेशसभा, सचिवालय र प्रशासनिक संयन्त्रमा भएको खर्चलाई उदाहरण बनाएर संघीयताले राज्यलाई आर्थिक भार थपेको भन्दै आलोचना समेत हुने गरेको छ । तर यो बहसमा एउटा महत्त्वपूर्ण पक्ष भने ओझेलमा पार्ने प्रयास गरियो, प्रदेश सरकारले संविधानले दिएको अधिकार पूर्ण रुपमा प्रयोग गर्ने अवसर नै पाएको थियो त ? अब यथार्थतिर फर्कने जमर्को पनि गरौं वास्तविकता के हो भने प्रदेश सरकारले अझैसम्म आफ्नै प्रहरी प्रशासन सञ्चालन गर्न सकेको छैन । संविधानले परिकल्पना गरेको प्रदेश निजामती सेवा पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन। धेरै कानुन संघीय संसद्बाट नबन्दा प्रदेशहरु नीतिगत अन्योलमा परेका छन्।

साझा अधिकारका विषयमा संघीय सरकारले बनाएका कानुनले पनि प्रदेशको स्वायत्ततालाई सीमित बनाएको आरोप लाग्दै आएको छ। यसरी अधिकार नदिएर कार्यसम्पादन कमजोर भयो भनेर दोष प्रदेशलाई मात्र दिनु वस्तुनिष्ठ विश्लेषण हुनै सक्दैन । यता स्थानीय सरकारको




परियोजनाका रुपमा प्रस्तुत गरिने छ । तर संविधान जारी भएको करिब एक दशक पुग्न लाग्दा सङ्घीयताको सफलताभन्दा यसको औचित्यमाथि बहस सुरु भएको छ ।

कुनै राजनीतिक दलले प्रदेश सरकार खारेज गर्नुपर्ने तर्क गरिरहेको छ भने कुनै दलले संघीयता अझै कार्यान्वयन नै हुन नपाएको दाबी समेत गरिरहेका छन्। उसो त नागरिक स्तरमा पनि बहस हुने गरेको कतै प्रदेश संरचना खारेज गर्नु पर्ने त कतै स्थानीय तहको संख्यामा कटौती गर्नु पर्ने । विकास नपुगेको दोष संघीयतामाथि थोपर्ने प्रवृत्ति पनि बढेको छ । यो दुःखद कुरा पनि हो । अर्कोतर्फ, संघीय शासनका समर्थकहरु समस्या संविधानमा होइन, त्यसको कार्यान्वयनमा रहेको तर्क गर्छन् । यही विरोधाभासबीच एउटा गम्भीर प्रश्न उभिएको छ, नेपालमा संघीयता असफल भएको हो कि ? संघीयतालाई असफल बनाइएको हो? उसो त संघीयताको बहसलाई बुझ्न यसको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्ने पर्नै हुन्छ ।

नेपालमा राज्य सञ्चालनको संरचना लामो समयसम्म अत्यन्त केन्द्रीकृत रह्यो। नीति निर्माणदेखि बजेट वितरण, कर्मचारी व्यवस्थापनदेखि विकास आयोजना छनोटसम्मका अधिकांश निर्णय सिंहदबारबाटै रह्यो । प्रदेश निजामती सेवा, प्रहरी समायोजन, प्राकृतिक स्रोतको उपयोग, राजस्व बाँडफाँटलगायतका विषयमा अझै स्पष्टता र सहकार्यको अभाव देखिन्छ । यसले संघीय शासनको प्रभावकारितामाथि प्रश्न उठाएको छ। अध्ययनहरुले पनि नेपालमा संवैधानिक संरचना संघीय भए पनि व्यवहारमा संघीय सरकारले नीति, प्रशासन र वित्तीय स्रोतमा उल्लेख्य नियन्त्रण कायम राखेको देखाएका छन् ।

उसो त संघीयताको सफलताको मूल्याङ्कन गर्दा पनि त एउटा गम्भीर विरोधाभास देखिन्छ। संविधानले संघीय शासनको परिकल्पना गऱ्यो । तर राज्य सञ्चालनको मानसिकता अझै एकात्मक नै रहिरह्यो । संविधानले अधिकारको बाँडफाँट त गरिदियो । तर अधिकार प्रयोग गर्ने कानुन समयमै बन्न सकेनन् ।

प्रदेश र स्थानीय सरकारलाई अधिकार दिइएको भनिए पनि स्रोत, साधन र कर्मचारीमाथिको नियन्त्रणमा केन्द्रको हस्तक्षेप कायमै रहिरह्यो । परिणामतः संविधानले परिकल्पना गरेको संघीयता र व्यवहारमा कार्यान्वयन भएको संघीयताबीच ठूलो ग्याप देखियो । संघीयता लागू भएको केही वर्षमै प्रदेश सरकारको औचित्यमाथि प्रश्न उठ्न सुरु गरे ।

आलोचकहरुले प्रदेशलाई खर्चिलो अवस्था भने केही फरक देखिन्छ । २०७४ पछि स्थानीय तहले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, स्थानीय सडक तथा विपद् व्यवस्थापनजस्ता क्षेत्रमा उल्लेखनीय काम गरेका उदाहरण छन् ।

कोरोना महामारीका बेला संघीय सरकारभन्दा पहिले स्थानीय तह नै नागरिकको पहिलो सहारा बने । क्वारेनटिन व्यवस्थापनदेखि राहत वितरण, खोप अभियानदेखि स्वास्थ्य सेवा सञ्चालनसम्म स्थानीय सरकार अग्रपंक्तिमा देखिए । यसले संघीयताको एउटा महत्त्वपूर्ण पक्ष प्रमाणित गऱ्यो, जनतासँग सबैभन्दा नजिकको सरकार स्थानीय सरकार नै हो । तर स्थानीय सरकार पनि समस्यामुक्त भने छैन । कतिपय पालिकामा विकासभन्दा डोजर संस्कृतिलाई प्राथमिकता दिने भन्दै प्रश्न उठ्ने गरेका छन् भने कतै सार्वजनिक खरिदमा अनियमितता, योजनाको राजनीतिक बाँडफाँट, आर्थिक अनुशासनको अभाव र जनप्रतिनिधिको जबाफदेहितामाथि प्रश्न उठ्ने गरेका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिवेदनले स्थानीय तहमा अनियमिततासम्बन्धी उजुरी उल्लेख्य रहेको देखाएका छन्।

यसले समस्या संघीय संरचनामा मात्र नभई राजनीतिक संस्कार, सुशासन र जबाफदेहितामा पनि रहेको संकेत समेत

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
अरुका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**वृष**
अस्वस्थताले लक्ष्यअनुसार काममा जुट्न नसकिएला। अप्ठ्यारा परिस्थिति सुल्झाउनमै समय बित्नेछ।

**मिथुन**
सहयोगीहरु पछि हट्नाले नयाँ काम गर्न समस्या पर्नेछ। व्याहारिक अलमलले आँटेका काममा पनि बाधा पुर्याउनेछ।

**कर्कट**
आश्वासन बाँड्नेहरुले झुक्याउन सक्छन्। अवसर मिले पनि तत्काल प्रतिफल हातलागी नहुन सक्छ।

**सिंह**
पहिलेका सम्झौता तोड्नुपर्ने परिस्थिति आउन सक्छ। अरुको भरले मात्र काम पूरा नहुन सक्छ।

**कन्य**
माहोल रमाइलो रहनेछ। चिताएको मूल्य प्राप्त नभए पनि पछिलाई फाइदा हुने काम हातलागी हुन सक्छ।

**तुला**
सजग नहुँदा आफ्नो श्रमबाट अरुले फाइदा उठाउने चेष्टा गर्नेछन्। तापनि चुनौतीभित्र अवसर खोज्ने समय छ।

**वृश्चिक**
प्रयत्न गर्दागर्दै पनि केही कमजोरी देखा पर्न सक्छन्। आलोचकहरुबाट पनि केही सजग रहनुपर्ला।

**धनु**
खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला। शुभचिन्तकहरुलाई बेवास्ता गर्नाले पनि दुःख पाइनेछ।

**मकर**
विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

**कुम्भ**
पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ भने सम्पादित कामको मूल्यांकनले जिम्मेवारी समेत दिलाउनेछ।

**मीन**
काममा अनायासै व्यवधान देखा पर्न सक्छ। भैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ।

# गड्यौला मल बेचेर लाखौं आम्दानी गर्दै

सिंगबहादुर थापा/सर्लाही

सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गर्नु भएको छ । लालबन्दी नगरपालिका–२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहनु भएको हो । चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल हुनुभएको छ । "मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन", लोप्चनले भन्नुभयो । धमाधम मल प्याकिङ गरिरहनु भएको लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताउनुहुन्छ ।

जैविक मल बोट बिरूवाको लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँ घरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरूवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरूमा जैविक तथा गड्यौला मल बोटबिरूवाको लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उहाँको कथन छ । अहिले उहाँहरु आफैँ मल खोज्दै आउनहुन्छ, खुसी लाग्छ लोप्चनले सुनाउनुभयो । साना बेर्ना तथा बोट बिरूवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उहाँले सुनाउनुभयो ।

गड्यौला मल कृषि बजारमा कालो हीरा (ब्ल्याक डाइमण्ड) को रूपमा बिक्री वितरण हुने गरेको छ। लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादन सम्बन्धी सात दिनको तालिम लिनुभएको थियो । तालिम लिएर आएपछि उत्पादन सुरू गर्नुभएको उहाँले बजार खोज्दाको सास्ती अझै भुल्नु भएको छन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरूवामा हाल्ने मन ल्याउने चलन थियो । "मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ", उहाँले भन्नुभयो, "आफ्नो गाडीले १०/१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरेँ ।

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीको लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो। त्यसपछि बजारले आफूलाई खोज्न थालेको उहाँले सुनाउनुभयो । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरू गरेको मल उत्पादन अहिले उहाँको मनग्य आम्दानीको बाटो बनेको छ। लालबन्दी–२, जुटपानी घरैमा उहाँले लोप्चन गाई फर्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहनुभएको छ । सोही फर्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौँ, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ । जिल्लाका गमलामा फूल सजाउने बगैँचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसान समेत यस मलप्रति आकर्षित भएका छन् ।

पच्चीस किलोको एउटा बोरा मलको रू ३२५ पर्छ । "धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौँ पठाउने गरेको थिए", उहाँले भन्नुभयो, "भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु । उता पनि आफ्ना ग्राहक छन् ।" ट्रकमा ४०० बोराका दरले मल जान्छ । लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गर्नुभयो । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । पुगेको छ । उसलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उहाँको भनाइ छ ।

काठमाडौँमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो । त्यसपछि उहाँ भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किनुभएको थियो । गाउँमा किसान समूह गठन गर्नुभएको थियो। समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे । उहाँहरूले दिनुभएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको बताउनुहुन्छ। अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रू २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ ।

सुरूमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिनुभएको छ । गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उहाँले बताउनुभयो । यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रूपैयाँमा बिक्री हुन्छ। यसबाट समेत ठूलो रकम आम्दानी गर्न सकिने उहाँको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, पराललगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताउनुभयो। गड्यौला मलको लागि गोबर मल प्रति ट्रेलर तीन हजार र ढुवानी र मजदुर खर्च १५ सय लगानी पर्ने उहाँको भनाइ छ ।

"जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ", उहाँले भन्नुभयो, "यसरी गड्यौलाले खाएर मलको रूपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।" लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहर र मोहर यसैमा रहेको उहाँ बताउनुहुन्छ ।

कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताउनुहुन्छ । रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड छ ।

# रास्वपाको क्यान्डिडेट .....

आकांक्षी हुनका लागि पार्टी सदस्यता लिएको, अन्य दल परित्याग गरेको समय–सीमासमेत रास्वपाले निर्धारण गरेको छ । विगतमा अन्य राजनीतिक दलमा नरहेको र रास्वपाको सदस्यता लिएको व्यक्तिको हकमा सदस्यता लिएको ४५ दिन पूरा भएपछि उम्मेदवार क्लबमा आवेदन दिन सकिने व्यवस्था गरिएको छ ।

अन्य दल त्यागेकाहरूको हकमा तीन महिना पुगेको भए मात्रै उम्मेदवार क्लबमा आवेदन पेस गर्न सकिने व्यवस्था गरिएको छ। समाजका प्रतिष्ठित, विज्ञ, सार्वजनिक रूपमा स्वच्छ छवि भएका व्यक्तिको हकमा तोकिएका समिति तथा निकायहरूको सहमतिबमोजिम विशेष प्रक्रियामार्फत आवेदन दिन सकिने विधि बनाइएको छ । उनीहरूको हकमा पार्टीको आवद्धताको समयसीमा तोकिएको छैन ।

वैज्ञानिक र वस्तुपरक छनोट प्रणाली स्थापना गर्न, उचित मूल्याङ्कन र योग्य नेतृत्वको सुनिश्चितता गर्न, 'सही तरिकाले, सही ठाउँमा, सही व्यक्ति' छान्ने परिपाटी स्थापित गर्न, पार्टीकै संयन्त्रमार्फत प्रशिक्षित गराई भावी जिम्मेवारीका लागि तयार गर्न उम्मेदवार क्लब गठन गरिएको रास्वपाले जनाएको छ ।

उम्मेदवार छनोटको विधिले स्थानीय लोकप्रियता र निर्वाचन जित्ने क्षमताको परीक्षणसमेत गर्ने रास्वपाको ठहर छ । यो विधिबाट उम्मेदवार छनोट गर्दा नेता केन्द्रित होइन, विधि केन्द्रित निर्णयको संस्कृति विकास हुने रास्वपाले जानकारी दिएको छ ।

उम्मेदवार छनोटका लागि केन्द्रीय सचिवालयलाई विशेषाधिकारको प्रयोग गर्न सक्ने प्रावधान राखिएको छ । सचिवालयलाई प्राप्त विशेष अधिकारअन्तर्गत भनिएको छ, 'उम्मेदवार छनोट रूपरेखामा जुनसुकै कुरा लेखिएको वा व्यवस्था भएको भए तापनि पार्टी सचिवालयले केन्द्रीय समितिबाट अनुमोदन गराउने गरी हरेक तहको उम्मेदवार छनोटमा अधिकतम प्रतिशत नबढ्ने गरी विशेषअधिकार प्रयोग गर्न सक्नेछ ।'

पार्टीले बनाएको विधि प्रयोग हुन नसक्ने अवस्थाको समेत परिकल्पना गरिएको छ । उम्मेदवार छनोट रूपरेखा कार्यान्वयन हुन नसक्ने अवस्था आएमा त्यसलाई 'असाधारण अवस्था' भनिएको छ। त्यस्तो असाधारण परिस्थितिमा यो विधिभन्दा बाहिर गएर उम्मेदवार छनोट गर्नुपर्ने अवस्था आएमा त्यस्तो निर्णयलाई केन्द्रीय समितिबाट दुई तिहाइले पारित गर्नु पर्ने प्रावधान राखिएको छ ।


**बालबालिकाको खाना तथा खाजाको रूपमा पत्रु अर्थात जंकफुडको प्रयोग नगरौं । बालबालिकाको शारिरीक तथा मानसिक विकासमा सहयोग गरी स्मार्ट बनाऔं ।**

**स्वास्थ्य कार्यकर्ता:** ओ हो भाउजु नमस्कार । स्कुल बस कुर्नु भएको ? अनि यति सानो बच्चालाई यति गरूङ्गो किताबको भारी बोकाएर आफु चैं छाता ओढेर बस्नु भएको छ ।

**आमा:** के गर्नु ? बानी पार्नु पर्छ नि नानी ।

**स्वास्थ्य कार्यकर्ता:** के मा बानी पार्नुहुन्छ हौ भाउजु ? बिचरा यति सानो बाबु बिहान ८ बजे कति खुवाएर पठाउनुहुन्छ ? अनि स्कुलमा खाजाको रूपमा घरमा तयार पारेको खाजा पठाउनुहुन्न, पसलका चाउचाउ, विस्कुट जस्ता पत्रु खाना र जंकफुड मात्र खुवाउनुहुन्छ, फेरी बेलुकी ६ बजे बसबाट आइपुग्छ, अनि उसैलाई होमवर्ककै चटारो, यो त बालबालकाको लागि शारिरीक तथा मानसिक यातना जस्तै भो नि हैन र ?

**आमा:** के गर्नु त नानी, नजिकका स्कुल भर्ना गर्न सकिनँ, खाजा पकाउने भ्याइदैन ।

**स्वास्थ्य कार्यकर्ता:** आफ्नो बच्चाको स्वास्थ्यको लागि समय निकाल्नु पर्‍यो नि भाउजु, बच्चाको शारिरीक तथा मानसिक वृद्धि विकास र राम्रो पढाइ हुनको लागि पोषणयुक्त खानाको आवश्यक्ता पर्छ, पोषणयुक्त खाना खान नपाउँदा, उमेर भन्दा बढि तौल भएको किताबो भारी बोकाउँदा, बढी होमवर्क गर्नु पर्दा बच्चाको शारिरीक एवं मानसिक विकासमा नकारात्मक असर पुर्‍याउँछ ।

**आमा:** ए तेसो पो हो नानी ? ल अर्को वर्षदेखि चैं नजिकको स्कुलमा जसरी नि पठाउँछौं, अनि घरमै बनाएको खाना र खाजा खुवाउँछौं । ल है नानी स्कुल बस आयो । धन्यवाद है नानी ।

**भानु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
फुस्रेटार, तनहुँ । गण्डकी प्रदेश


# संघीयता असफल .....

गर्छ । संघीयताको अर्को जटिल पक्ष वित्तीय संघीयता हो । संविधानले राजस्व बाँडफाँट, समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानको व्यवस्था गरेको छ। तर व्यवहारमा अधिकांश प्रदेश र स्थानीय तह अझै संघीय सरकारको अनुदानमै निर्भर छन् ।

आफ्नै स्रोतबाट पर्याप्त राजस्व उठाउन सक्ने क्षमता सीमित छ । संघीय सरकारले अनुदान घटाउँदा विकास कार्यक्रम नै प्रभावित हुने अवस्था देखिन्छ । यसले वित्तीय स्वायत्तताको लक्ष्य अझै अधुरो रहेको स्पष्ट पार्छ। राजनीतिक नेतृत्वको व्यवहारले पनि संघीयताको यात्रालाई सहज बनाउन सकेन । विपक्षमा हुँदा संघीयताको पक्षमा चर्का भाषण गर्ने दलहरु सत्तामा पुगेपछि अधिकार केन्द्रमै राख्न इच्छुक देखिन्छन् । प्रदेश सरकार आफ्नै दलको भए पनि संघीय सरकारले अधिकार हस्तान्तरणमा उदारता समेत देखाउन सकेका छैनन् । यसले संघीयताको मूल मर्ममाथि नै प्रश्न खडा गर्ने गरेको छ । संविधानले शक्ति बाँड्न खोज्यो, तर राजनीतिले शक्ति केन्द्रित गर्न खोजिरह्यो । यही विरोधाभासले संघीयताको कार्यान्वयनलाई कमजोर बनाएको देखिन्छ ।

त्यसैले आजको बहस प्रदेश सरकार चाहिन्छ कि चाहिँदैन भन्नेमा सीमित हुनु हुँदैन । वास्तविक बहस संविधानले परिकल्पना गरेको संघीय संरचना किन पूर्ण रूपमा कार्यान्वयन हुन सकेन भन्नेमा केन्द्रित हुनुपर्छ। कुनै पनि प्रणालीलाई सफल वा असफल घोषणा गर्नुअघि त्यसलाई आवश्यक अधिकार, स्रोत, कानुनी आधार र प्रशासनिक संयन्त्र उपलब्ध गराइएको थियो कि थिएन भन्ने प्रश्नको जवाफ खोज्न आवश्यक हुन्छ । नेपालमा संघीयताको मूल्याङ्कन गर्दा यही प्रश्न सबैभन्दा निर्णायक बन्न पुगेको छ। संघीयताको अर्को महत्त्वपूर्ण पक्ष समावेशिता हो। नेपालको राज्य संरचना लामो समयसम्म सीमित वर्गको प्रभावमा थियो। संघीय संविधानपछि महिलाको प्रतिनिधित्व उल्लेखनीय रूपमा बढ्यो।

स्थानीय तहमा महिला उपप्रमुख वा उपाध्यक्षको अनिवार्य व्यवस्थाले हजारौँ महिला नेतृत्वमा आए। दलित, आदिवासी जनजाति, मधेसी, थारू तथा अन्य सीमान्तकृत समुदायले पनि राज्यका विभिन्न तहमा प्रतिनिधित्व पाए। यद्यपि प्रतिनिधित्व मात्र पर्याप्त होइन। निर्णय प्रक्रियामा उनीहरूको प्रभाव, क्षमता विकास र संस्थागत सशक्तीकरण अझै चुनौतीकै विषय बनेको छ।

संघीयताको मूल दर्शन भनेकै शक्ति बाँडफाँट हो । तर नेपालमा शक्ति बाँड्नेभन्दा शक्ति जोगाउने राजनीतिक संस्कार बलियो देखिन्छ । केन्द्रमा सरकार परिवर्तन भए पनि अधिकार हस्तान्तरणको गति खासै बदलिएको छैन। विपक्षमा हुँदा संघीयताको पक्षमा बोल्ने दलहरु सत्तामा पुगेपछि अधिकार केन्द्रमै राख्न इच्छुक देखिन्छन् ।

यसले देखाउँछ कि समस्या संविधानमा कम, राजनीतिक व्यवहारमा बढी छ । संघीयता सफल बनाउन कानुन मात्र पर्याप्त हुँदैन । त्यसका लागि राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन, वित्तीय स्वायत्तता, अन्तर्सरकारी समन्वय र जबाफदेही शासन आवश्यक हुन्छ। यी आधार बलिया नभएसम्म संघीयताको अपेक्षित परिणाम प्राप्त गर्न कठिन हुन्छ। त्यसैले संघीयताको भविष्य प्रदेश सरकार राख्ने वा हटाउने बहसभन्दा पनि संविधानले दिएको अधिकार व्यवहारमा कसरी कार्यान्वयन गर्ने भन्ने प्रश्नमा निर्भर रहनेछ । नेपालप्रेस


## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**भदौ ०५ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**भदौ ०७ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**भदौ ०६ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।

३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**हाम्रा उपलब्ध सेवाहरु :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२







**नेवार समुदायको परम्परागत साँस्कृतिक पर्व :** तनहुँसुर भिमसेन गुठीद्वारा मंगलबार घन्टाकर्ण चतुर्दशी (गथाह्मुङ चहे पूजा) मनाउँदै। घन्टकर्ण पर्व मनाएसंगै यस वर्षको गाइजात्रा पर्व शुभारम्भ भएको नेवार समुदायले बताएको छ । दुष्ट राक्षस तथा भूतप्रेतको प्रतीकका रूपमा नर्कट र छ्वालीबाट बनाइएको प्रतिमासहित बजार परिक्रमा गर्ने प्रचलन रहेको छ । यस्तो परम्पराले मानव जीवन, घर-टोल तथा समाजबाट नकारात्मक शक्ति, रोगव्याधि, दुःखकष्ट र अनिष्ट नाश हुने जनविश्वास रहिआएको छ । *तस्विर : भञ्ज्याङ*

# गुरूङ समुदायद्वारा ट्होटैं मनाईदै

भञ्ज्याङ समाचारदाता/गण्डकी

गण्डक क्षेत्रका कास्की, पर्वत, तनहुँ, स्याङ्जालगायत जिल्लामा गुरूङ समुदायको मौलिक पर्व ट्होटैं पर्व मंगलबार हर्षोउल्लासपूर्वक मनाएका छन् । गुरूङ समुदायमा मौलिक सांस्कृतिक पर्वका रूपमा बर्सेनि साउन र चैतको अन्तिम मङ्गलबार यो पर्व हर्षोल्लासपूर्वक मनाउने चलन छ । ट्होटैंका अवसरमा कास्कीको अन्नपूर्ण, मादी, माछापुच्छ्रे गाउँपालिकालगायत स्थानीय तहले मंगलबपार सार्वजनिक बिदा समेत दिएका थिए । उक्त समुदायले आफ्नो पुस्तैनी पर्वलाई धान्दै आएको छ। परापूर्वकालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरूप यस पर्वको सुरूआत भएको मानिन्छ ।

तमु धिं नेपालका अध्यक्ष हुम गुरूङले पोखरासहित यस क्षेत्रका गुरूङ गाउँबस्तीमा ट्होटैं पर्व मनाइने गरिएको बताउनुभयो । चैतमा सामूहिक रूपमा र साउनमा गुरूङ गाउँ र समाज घरहरूमा अलगअलग रूपमा ट्होटैं मनाउने गरिएको उहाँको भनाइ छ । अध्यक्ष गुरूङका अनुसार गुरूङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टैं भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिने गरिएको छ ।

यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ । ट्होटैंमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको छ । गुरूङ राज्य र गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर परापूर्वकालदेखि ट्होटैं पर्वको थिती बसेको अध्यक्ष गुरूङले बताउनुभयो । धमु धिं नेपालको अगुवाईमा यस पर्वलाई विसं २०५२ देखि व्यवस्थित रूपमा मनाउन थालिएको थियो ।

चैतमा मनाइने ट्होटैंमा गुरूङहरू परम्परागत बाजागाजा सहित जातिय पहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन् । ट्होटैंमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रदर्शन गरिन्छ । यस पर्वमा गुरूङ जातिले प्रयोग गर्ने पुराना हातहतियार, पोसाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टा लगायतका सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ ।

साउनमा पर्ने ट्होटैंलाई भने गुरूङ समाजघर र गाउँबस्तीमा परम्परागत रूपमा मनाउने प्रचलन छ । गुरूङ सभ्यता, संस्कृति र पहिचानसँग जोडिएको यस पर्व १५ सय वर्षदेखि अस्तित्वमा रहेको गुरूङ जातिको इतिहासमा उल्लेख छ। आदिमकालमा गुरूङहरू गुफा, गोठ हुँदै बस्ती विकासको सभ्यतामा आएपछि यो पर्वको परम्परा सुरू भएको मानिन्छ ।

बस्ती विकास हुँदै तमु राज्य स्थापनाको बेलामा आइपुग्दा ट्होटैं पर्वले थप व्यापकता पाएको गुरूङ अगुवाहरू बताउँछन् । उनीहरूका भनाइमा गुरूङ जातिका पूर्वजहरूले आफ्नो बस्ती र राज्यमा दुःख दिने शत्रुवैरीलाई धपाउनका लागि तन्त्रमन्त्र गरी यो पर्व मनाउन सुरू गरेका थिए । पछिल्लो समय देशमा रहेको बेथिति, बिसङ्गको अन्त्य होस्, मानज जातिको कल्याण होस् भन्ने कामना गरी पर्व मनाउने गरिएको छ । कबिला कालदेखि नै तमु (गुरूङ)का स-साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन पूर्वजहरूले ट्होटैं पर्वको प्रचलन बसेको मान्यता गुरूङ समुदायमा रहिआएको छ।



यो पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास रहेको छ ।

पोखरासहित यस क्षेत्रका एक सय ४८ गुरूङ गाउँ र समाजघरमा ट्होटैं पर्व मनाउने गरिएको छ । चैतमा उभौली र साउन उधौलीका रूपमा यो पर्वलाई मनाउने गरिन्छ। ट्होटैंले सामाजिक एकता र भातृत्वको सन्देश दिने तमु धिं नेपालका अध्यक्ष गुरूङले बताउनुभयो । विसं २०४२ मा तमु धिं नेपाल गठन भएपछि पोखरामा गुरूङ संस्कृति र संस्कारको जगेर्नामा यो समुदाय जागरूक बनेको हो । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

शेरबहादुर देउवा हिरोपन्थीमा विश्वास गर्थेनन् । उनले सरकारको नेतृत्व गर्दा सुशासन र सामाजिक न्यायका क्षेत्रमा केही राम्रा काम भएका छन् । तर, समग्रतामा मूल्यांकन गर्ने हो भने देउवाको नेतृत्वले नेपालको राजनीति र समाजलाई कमजोर नै बनायो । सुशासन र आन्तरिक क्षमता आज जस्तो खराब अवस्थामा अवस्था छ त्यसमा देउवाको योगदान उल्लेख्य छ ।

राजनीतिमा देउवाको एकमात्र उद्देश्य सत्ता थियो। सत्ता र शक्तिमा रहन देउवाले गर्न हुने नहुने सबै काम गरे, लोकतन्त्रका आधारभूत मानकहरूको सधैं अपमान गरे, गलत मानिसलाई संरक्षण गरे, मिल्न नहुनेसँग घाँटी जोडे । आफ्ना वरिपरीका मानिसको खुलेआम भ्रष्टाचारमा आँखा चिम्लिए । उनिमाथि भदौ २४मा भएको कुटपिट गलत थियो। त्यसैगरी, देउवालाई देश फर्किंदा गर्न लागिएको स्वागत पनि (त्यही प्रकारको नभए पनि) गलत नै हो । देउवा स्वागत गर्न योग्य व्यक्ति हुँदै होइनन्। विचारणीय भनौं या दुखद् कुरा के भने १ वर्षअघि कल्पनै गर्न नसकिने देउवाको जयजयकार गर्ने साहस आज केही मानिसमा जागृत भएको छ । यो कसरी सम्भव भयो त !?



**Keshab DAHAL**
x.com/dahalkeshab

षड्यन्त्रको सिद्धान्तमा विश्वास गर्ने हो भने, रास्वपाको रवि पक्षले अब प्रयोग गर्ने भनेकै सम्भवतः देउवालाई हो । त्यसका केही संकेत देखिँदै छन् । यसले, उनीहरूलाई दुईवटा फाइदा हुन सक्छ । पहिलो, र दीर्घकालीन फाइदा- देउवालाई बोकेर गगनलाई ठेगान लगाउने। दोस्रो, सत्ताको नयाँ अंकगणितमा देउवाको सहयोग लिने र बालेनको अहंकारलाई नियन्त्रण गर्ने। रविको सत्ताकाङ्क्ष र भूराजनीति मिल्यो भने, आउने केही महिनाभित्र हाम्रो सत्ता राजनीतिमा नयाँ उथलपुथल हुन सक्छ ।

यहाँ हुन सक्छ भनिएको छ, हुन्छ भनिएको छैन। कामना गरौं, गगनलाई ठेगान लगाउने नाममा मुलुकका मानक संस्थाहरूले आफ्नो चरित्र नगुमाऊन् ।

# स्याङ्जाका सात सामुदायिक वनमा सात 'रिचार्ज' पोखरी निर्माण

भञ्ज्याङ समाचारदाता/स्याङ्जा

स्याङ्जामा 'एक सामुदायिक वन-एक पोखरी' अभियानअन्तर्गत यस वर्ष सात वटा रिचार्ज पोखरी निर्माण गरिएको छ। खोलाखोल्सीमा पछिल्ला वर्षहरूमा पानीका मुहानहरू सुक्दै गएकाले वनको बीच तथा माथिल्लो भागहरूमा रिचार्ज पोखरी निर्माण गर्दा तल्लो तटीय क्षेत्रहरूमा पानीका मूलहरू फुट्ने, पानीको स्रोत बढ्ने भएकाले रिचार्ज पोखरी निर्माण गरिएको हो ।

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ बाट सुरू गरेको अभियानलाई कार्यान्वयन गर्दै यस वर्ष स्याङ्जा सात सामुदायिक वनमा सात रिचार्ज पोखरी निर्माण गरिएको डिभिजन वन कार्यालय स्याङ्जाका वन अधिकृत अम्मरबहादुर पराजुलीले जानकारी दिनुभयो ।

"स्याङ्जाका विभिन्न २७ वटा सामुदायिक वनभित्र गत वर्षहरूमा २७ वटा रिचार्ज पोखरीहरू निर्माण भइसकेका छन्", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा सात वटा सामुदायिक वनभित्र सात वटा रिचार्ज पोखरी निर्माण गरेसँगै स्याङ्जामा ३४ वटा रिचार्ज पोखरी निर्माण भएका हुन् ।"

पछिल्ला पाँच आवमा जिल्लास्थित सामुदायिक वनहरूमा पोखरी निर्माणलाई अभियानकै रूपमा अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो । आव २०८२/०८३ मा सात वटा, आव २०८१/०८२ मा तीन वटा, आव २०८०/०८१ मा १२ वटा, आव २०७९/०८० मा आठ वटा र आव २०७८/०७९ मा चार वटा रिचार्ज पोखरी निर्माण गरिएको हो ।

वन जङ्गलमा वन्यजन्तुलाई पिउनका लागि पानी नहुँदा वन्यजन्तु पानीको खोजीमा जङ्गलबाट गाउँघरतिर आउनेक्रम बढ्दो रहेकाले वन्यजन्तुलाई गाउँतिर प्रवेश गर्न नदिनका लागि पनि यस प्रकारको रिचार्ज पोखरीले महत्व राख्ने दाबी उहाँको छ ।

"एक सामुदायिक वन-एक पोखरी' अभियान लागू भएसँगै हालसम्म ३४ वटा सामुदायिक वनमा ३४ वटा पोखरी निर्माण गरेका छौँ", उहाँले भन्नुभयो, "आगामी दिनमा पनि अन्य सामुदायिक वनहरूमा यस्तै प्रकृतिका रिचार्ज पोखरीहरु निर्माणलाई निरन्तरता दिंदै जाने छौँ ।" पछिल्लो समय जथाभावी सडक निर्माण गर्ने कार्यले पानीका स्रोतहरु हराउँदै गएका छन् ।

माथिल्लो भागमा रिचार्ज पोखरी हुँदा तल्लो तटीय क्षेत्रमा पानीका स्रोतहरु दिगो हुने, वन्यजन्तु तथा चरनका लागि लगिएका पशु चौपायालाई पानी खुवाउन सहज हुने र आवश्यक परेको खण्डमा सिँचाइका लागि पनि प्रयोग गर्न सकिने ज्यानेघारी महिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष सीता गोदारले बताउनुभयो ।

पोखरी निर्माणसँगै वन क्षेत्र मनमोहक पनि भएको उहाँले बताउनुभयो । डिभिजन वन कार्यालय स्याङ्जाले प्रति पोखरी निर्माणका लागि रू एक लाख उपलब्ध गराएको थियो । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४